# काठमाडौँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ, वागमती प्रदेश, नेपाल

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

(मिति २०८१।१०।०१ देखि मिति २०८१।१२।३१ सम्मको विवरण)

### (१) निकायको स्वरुप र प्रकृतिः

काठमाडौँ महानगरपालिका वि.स.१९७६ मा सफाई अड्डाको नामबाट स्थापना भई विभिन्न कालखण्डमा जारी भएका कानुनबमोजिम तोकिएका कार्य जिम्मेवारीहरु पुरा गर्न विभिन्न नामको कार्यालयमार्फत अविछिन्न सेवा प्रवाह गर्दै आएकोमा वि.स. २०५२ साल मंसिर २९ गते महानगरपालिका घोषणा भएको हो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अर्न्तगत स्थानीय सरकारको रुपमा नेपालको संघीय राजधानी काठमाडौँमा अवस्थित नेपालकै जेठो महानगरपालिका काठमाडौँ महानगरपालिका हो ।

### (२) निकायको काम, कर्तव्य र अधिकारः

यस महानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वागमती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

### (३) निकायमा रहने कर्मचारी विवरणः

यस महानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण र महानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण काठमाडौँ महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.npमा समेत राखिएको छ ।

**(४) निकायबाट प्रदान गरिने सेवाः**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र बागमती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा काठमाडौँ महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

**(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरु, समितिहरु, विभागहरु, महाशाखाहरु, शाखाहरु, ३२ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन् । महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, सहायक प्रवक्ता, विभागीय प्रमुख तथा विभिन्न पदमा कार्यरत अधिकारीको विवरण का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा उल्लेख गरिएको छ ।

**(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधि विवरण काठमाडौँ महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस सम्बन्धी व्यवस्था काठमाडौं महानगरपलिकाको वेबसाइट www.kathmandu.gov.np मा समेत उल्लेख गरिएको छ ।

**(७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, सहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि महानगरपालिकाको केन्द्रीय स्तरमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकतत्वमा तीन सदस्यीय गुनासो सुनुवाई समितिको व्यवस्था गरिएको छ ।

## (९) सम्पादन गरेको कामको विवरण:

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

## (१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:

कार्यालय प्रमुखको नाम : सरोज गुरागाइँ

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : ceo@kathmandu.gov.np

सम्पर्क नम्बर : ०१-४२३२८९२

सूचना अधिकारीको नाम : वसन्त आचार्य

पद : निर्देशक

सम्पर्क नम्बर : ९८५१०८७९३८

इमेल ठेगाना : rtikmc@gmail.com

: basantakmc@gmail.com

## (११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूची:

काठमाडौं महानगरपालिकाले सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा हाम्रो कानुन नामक होमपेजमा राखिएको छ ।

**(१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:**

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरु का.म.पा.को वेवसाइट www.kathmandu,gov.np मा राख्ने गरिएको छ । चालु आ.व. ०८१।८२ को माघ महिनाको १ गतेदेखि चैत मसान्तसम्ममा भएको आर्थिक कारोबारको विवरण यस प्रकार रहेको छ:

आ.व. २०८१/८२ अवधी : २०८१/१०/०१-२०८१/१२/३१

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | वनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आ र्थक वकास | ७४,३९,८१,०००.०० | ८०,६६,०९७.४४ | १.०८ | ७३,५९,१४,९०२.५६ |
| १ | कृ ष | ३,३९,००,०००.०० | ४,००,७३५.०० | १.१८ | ३,३४,९९,२६५.०० |
| २ | उद्योग | ७,६१,२०,०००.०० | २४,९२,८९९.९८ | ३.२७ | ७,३६,२७,१००.०२ |
| ३ | पर्यटन | ३०,८०,९२,०००.०० | १५,९१,०३५.०० | ०.५२ | ३०,६५,००,९६५.०० |
| ४ | सहकारी | २,६५,००,०००.०० | १८,४१,१०३.४६ | ६.९५ | २,४६,५८,८९६.५४ |
| ५ | वत्तीय क्षेत्र | २६,६०,७९,०००.०० | ११,३५,९१४.०० | ०.४३ | २६,४९,४३,०८६.०० |
| ६ | पशुपन्छी वकास | ३,२२,००,०००.०० | ६,०४,४१०.०० | १.८८ | ३,१५,९५,५९०.०० |
| ७ | वा णज्य | १०,९०,०००.०० | ०.०० | ० | १०,९०,०००.०० |
| २ | सामाजिक वकास | ५,३२,८१,००,९२४.०० | ४७,९५,४५,६४३.२३ | ९ | ४,८४,८५,५५,२८०.७७ |
| १ | शक्षा | ३,००,०२,८५,०००.०० | ३२,४९,८६,७९१.४९ | १०.८३ | २,६७,५२,९८,२०८.५१ |
| २ | स्वास्थ्य | १,१०,२७,४५,५००.०० | ११,३०,५६,५०९.५७ | १०.२५ | ९८,९६,८८,९९०.४३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | खानेपानी तथा सरसफाई | २६,३८,५७,०००.०० | ३३,९०,१४४.९५ | १.२८ | २६,०४,६६,८५५.०५ |
| ४ | भाषा तथा संस्कृति | २८,२९,२७,०००.०० | १,४९,२०,८२५.९७ | ५.२७ | २६,८०,०६,१७४.०३ |
| ५ | लैं गक समानता तथा सामाजिक समावेशीकरण | २७,५०,२६,४२४.०० | १,०२,७९,३२४.८९ | ३.७४ | २६,४७,४७,०९९.११ |
| ६ | युवा तथा खेलकुद | २६,५२,२२,०००.०० | ४८,१०,०६७.५३ | १.८१ | २६,०४,११,९३२.४७ |
| ७ | जनसंख्या तथा बसाईसराई | १०,३५,०००.०० | ०.०० | ० | १०,३५,०००.०० |
| ८ | सामाजिक सुरक्षा तथा संरक्षण | १३,७०,०३,०००.०० | ८१,०१,९७८.८३ | ५.९१ | १२,८९,०१,०२१.१७ |
| ३ | पूर्वाधार वकास | ११,३८,६५,३८,२८२.०० | १,०८,१३,३८,४०५.०४ | ९.५ | १०,३०,५१,९९,८७६.९६ |
| १ | यातयात पूर्वाधार | ३,६१,४०,१८,५०४.४० | ३१,०६,८८,६३५.७५ | ८.६ | ३,३०,३३,२९,८६८.६५ |
| २ | भवन, आवास तथा सहरी वकास | ४,५०,३४,५९,९१४.८० | ५०,०५,४३,०२८.८२ | ११.११ | ४,००,२९,१६,८८५.९८ |
| ३ | उर्जा | ६,३४,३७,४८०.०० | ४२,१२,९६७.५१ | ६.६४ | ५,९२,२४,५१२.४९ |
| ४ | संचार तथा सूचना प्रबि ध | ५,८२,०६,८६८.०० | २३,०६,५३०.०० | ३.९६ | ५,५९,००,३३८.०० |
| ५ | सम्पदा पूर्वाधार | २,८४,८५,६८,८६०.०० | २३,१५,०१,८६१.५१ | ८.१३ | २,६१,७०,६६,९९८.४९ |
| ६ | बिज्ञान तथा प्रबि ध | १,६८,००,०००.०० | ९,७९,९७३.०० | ५.८३ | १,५८,२०,०२७.०० |
| ७ | पुनर्निर्माण | २८,२०,४६,६५४.८० | ३,११,०५,४०८.४५ | ११.०३ | २५,०९,४१,२४६.३५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,२४,५२,५१,९८५.०० | २०,३७,२६,६०७.११ | ६.२८ | ३,०४,१५,२५,३७७.८९ |
| १ | वातावरण तथा जलवायु | १,४३,५९,२८,०००.०० | ११,४३,९३,५०६.०९ | ७.९७ | १,३२,१५,३४,४९३.९१ |
| २ | वपद व्यवस्थापन | २०,४२,००,०००.०० | ४९,४५,३६८.०८ | २.४२ | १९,९२,५४,६३१.९२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मानब संशाधन वकास | ५,७३,१०,०००.०० | ८३,२१,१३९.५० | १४.५२ | ४,८९,८८,८६०.५० |
| ४ | शान्ति तथा सुव्यवस्था | ५८,६७,२७,०००.०० | ९६,३९,४४३.२५ | १.६४ | ५७,७०,८७,५५६.७५ |
| ५ | परराष्ट्र | ५०,००,०००.०० | ०.०० | ० | ५०,००,०००.०० |
| ६ | कानुन तथा न्याय | १८,५२,८०,०००.०० | १८,५७,३७६.०० | १ | १८,३४,२२,६२४.०० |
| ७ | शासन प्रणाली | ५१,८५,५०,०००.०० | ३,३८,३५,८३२.२३ | ६.५३ | ४८,४७,१४,१६७.७७ |
| ८ | तथ्यांक प्रणाली | ७,९५,०००.०० | ६७,६३२.०० | ८.५१ | ७,२७,३६८.०० |
| ९ | श्रम तथा रोजगारी | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| १० | योजना तर्जुमा र कार्यन्वयन | ५७,००,०००.०० | १,०२,६७१.५० | १.८ | ५५,९७,३२८.५० |
| ११ | अनुगमन तथा मूल्यांकन | ७६,६१,९८५.०० | ०.०० | ० | ७६,६१,९८५.०० |
| १२ | प्रशासकीय सुशासन | २३,२६,००,०००.०० | ३,०५,६३,६३८.४६ | १३.१४ | २०,२०,३६,३६१.५४ |
| १३ | वत्तीय सुशासन | ४०,००,०००.०० | ०.०० | ० | ४०,००,०००.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४,२०,२४,५२,८०९.०० | ५८,६८,७५,२४७.२७ | १३.९७ | ३,६१,५५,७७,५६१.७३ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४,२०,२४,५२,८०९.०० | ५८,६८,७५,२४७.२७ | १३.९७ | ३,६१,५५,७७,५६१.७३ |
| कुल जम्मा | | २४,९०,६३,२५,०००.०० | २,३५,९५,५२,०००.०९ | ९.४७ | २२,५४,६७,७२,९९९.९१ |

**(१३) तोकिए बमोजिमको अन्य विवरण:**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा राखिएको छ ।

**(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।**

महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका महानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**

काठमाडौं महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी काठमाडौं महानगरपालिकाको आफ्नै वेबसाइट www.kathmandu.gov.np मा रहेको छ ।

**(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

नेपाल सरकार, बागमती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा रहेको छ ।

**(१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:**

महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०८१/०८२ को बजेट, नीति तथा कार्यक्रम अर्न्तगत रहेको छ । सोको प्रगति प्रतिवेदन का.म.पा. वेबसाइट www.kathmandu.gov.np मा रहेको छ ।

**(१८) सार्वजनिक निकायको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:**

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गीकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०८१।१०।०१ देखि मिति २०८१।१२।३१ गतेसम्ममा सूचना माग गर्नुहुने देहायका ३६ जना निवेदकहरुलाई सूचना उपलब्ध गराइएको छ ।

| सि.नं. | सूचना माग गर्ने | सूचनाको विषय | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | व्यक्ति | | |
| १ | सागर जोशी का.म.पा.-२१, काठमाडौं | बालश्रमिक राख्ने लुम्बिनी प्रदेश सांसद रेखा कुमारी शर्मा विरुद्ध का.म.पा.ले प्रहरीलाई गरेको पत्राचार सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २. | सागर जोशी का.म.पा.-२१, काठमाडौं | भद्रकाली-सिंहदरबार सडक मुनि रहेका छाप्रोहरु रहेको जग्गाको स्वामित्व सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३. | सागर जोशी का.म.पा.-२१, काठमाडौं | का.म.पा.प्रमुखज्यू र उपप्रमुखज्यूको स्वकीय सचिवको तलब सुविधा सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४. | बिनोद बस्नेत समेत, किर्तिपुर-६, चारघरे | का.म.पा. क्षेत्रभित्र बन्द अवस्थामा रहेका सामुदायिक विद्यालयहरुको विवरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ५. | विवेक चौधरी, का.म.पा.-११, काठमाडौं | का.म.पा.ले न्यायिक सहजकर्ता छनौट गर्दा समावेशीता कायम गरे नगरेको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ६. | सागर जोशी का.म.पा.-२१, काठमाडौं | बोतलपानबाट शिशुहरुमा पर्ने असरहरु लगायतका सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ७. | दिक्षा कटवाल, मुलपानी, काठमाडौं | का.म.पा.ले वातावरण प्रदुषण गर्ने व्यक्ति वा कार्यालयलाई दण्ड जरिवाना गरेको विवरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ८. | विवेक चौधरी, का.म.पा.-११, काठमाडौं | काठमाडौंस्थित टुँडिखेलमा धुलो उडेर वायु प्रदुषण भएकोले, प्रदुषण न्यूनीकरण गर्न का.म.पा.ले चालेका कदम र भावी योजनाका सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ९. | सागर जोशी का.म.पा.-२१, काठमाडौं | काठमाडौं महानगरपालिकाक्षेत्रभित्र ४० माइक्रोन भन्दा पातला प्लाष्टिकको बिक्री वितरण र प्रयोग न्यूनीकरण गर्न का.म.पा.बाट अनुगमन भए नभएको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १० | सागर जोशी का.म.पा.-२१, काठमाडौं | नदि छेउछाउ २० मिटरको जग्गामा आवाद गर्न पाइने नपाइने सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ११. | सागर जोशी का.म.पा.-२१, काठमाडौं | फुटपाथ विस्तार अध्ययन कार्यदलको प्रगती विवरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १२. | सागर जोशी का.म.पा.-२१, काठमाडौं | का.म.पा. क्षेत्रभित्र रहेका संस्थागत विद्यालयहरुले शिक्षा नियमावली पालना गरे नगरेको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १३. | सागर जोशी | का.म.पा.ले सडक विभागको गेटमा फोहर फ्यारेको | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| | का.म.पा.-२१, काठमाडौँ | सम्बन्धमा । | |
| १४. | रुक्शना कपाली, ललितपुर म.न.पा.-१६, ललितपुर | का.म.पा.ले काष्ठमण्डपस्थित सम्पदा क्षेत्रमा सर्वसाधरणलाई प्रवेश रोक लगाएको हो होइन भन्ने सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १५. | जयन्ति विक्रम राणा का.म.पा.-१५, काठमाडौँ | का.म.पा.१५ जडोल क्षेत्रमा ढल व्यवस्थापन सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १६. | कविराज कार्की, थापाथली, काठमाडौँ | संवत् २०७९ साउन १ गतेदेखि संवत् २०८१ माघ मसान्तसम्म का.म.पा.बाट खरिद र भौतिक पूर्वाधार क्षेत्रमा २० लाख भन्दा कम रकम विनियोजन भएका योजनाहरुको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १७. | युवराज पौडेल, कमलामाई-०१, सिन्धुली | काठमाडौँ भ्यू टावरको सम्बन्धमा हालसम्म भएका निर्णयहरुको प्रतिलिपि सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १८. | विवेक चौधरी, का.म.पा.-११, काठमाडौँ | का.म.पा. नगर प्रहरीलाई नगर प्रहरी बल भनी नामाकरण गरिनु संवैधानिक व्यवस्थाको अनुरुप भए नभएको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १९. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा. २९ नं. वडामा निर्माणाधिन ज्येष्ठ नागरिक भवनका सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २०. | सागर जोशी का.म.पा.-२१, काठमाडौँ | का.म.पा.ले प्रमुख प्रशासकीय अधिकृत उपर छानबिन गर्न गठन गरेको समिति र सो समितिको प्रतिवेदन सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २१. | अजिता देवकोटा, पालुङ्टार-०३, गोर्खा | काठमाडौँस्थित दरबारमार्गमा निर्माणाधीन ग्रेनाईटयुक्त सडकपेटी अपाङ्गतामैत्री भए नभएको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २२. | विवेक चौधरी, का.म.पा.-११, काठमाडौँ | महानगर प्रहरीलाई सडकमा पार्किङ्ग गरी राखिएका सवारी साधनमा ह्विल लक लगाउने अधिकार कुन कानुनबमोजिम प्राप्त भएको भन्ने सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २३. | ओम प्रकाश रेग्मी, काठमाडौँ | ललिता निवास परिसरमा गैर आवाशीय संघका नाममा निर्माण भएको संरचनाहरुको नक्शा पास भए नभएको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २४. | पुष्कर विष्ट, काठमाडौँ | का.म.पा. क्षेत्रभित्र सञ्चालनमा रहेका मार्ट र थोक विक्रेताहरुको विवरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २५. | सागर जोशी का.म.पा.-२१, | का.म.पा. पूर्व प्रमुख विद्यासुन्दर शाक्य कोरोना महामारीको समयमा सोल्टी होटलमा आईशोलेसनमा | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| | काठमाडौं | बसेको खर्च महानगरले व्यहोरेको वा नव्यहोरेको सम्बन्धमा । | |
| २६. | विवेक चौधरी, का.म.पा.-११, काठमाडौं | महानगर प्रहरीलाई लाठी बोक्ने अधिकार कुन कानुन बमोजिम प्राप्त भएको भन्ने सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २७. | विवेक चौधरी, का.म.पा.-११, काठमाडौं | धरहरा चढ्ने पर्यटकहरुको लागि अपनाइएका सुरक्षा मापदण्ड लगायतका सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २८. | अशिम पोखेल, काठमाडौं | एभियोट्रेस र एन्.ए.ए.टी. नाम गरेका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुउपर महानगरले गरेको कारबाही सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| २९. | जयन्ति विक्रम राण का.म.पा.-१५, काठमाडौं | स्वयम्भु-४ जडोलस्थित कि.नं. १३८१ को जग्गामा ढल सम्बन्धी कार्य गर्न विभिन्न व्यक्तिका साथ का.म.पा. नगर प्रहरी गएको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३०. | जयन्ति विक्रम राण का.म.पा.-१५, काठमाडौं | निजको छिमेकी टीना अग्रवालको घरको नक्सा पास गर्न जारी भएको सूचनाको थप स्पष्टीकरण सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३१. | सागर जोशी का.म.पा.-२१, काठमाडौं | का.म.पा. २९ स्थित निर्माणाधिन ज्येष्ठ नागरिक भवनको नक्सा पास लगायतका सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३२. | बिकास यादव, का.म.पा.-११, काठमाडौं | काठमाडौं उपत्यकामा वायु प्रदुषण नियन्त्रण गर्न का.म.पा.ले गरेका प्रयासहरुका सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३३. | प्रदीप परियार, गौरीगञ्ज गा.पा.-०१, झापा | चैत्र १५ गते काठमाडौंको तिनकुनेमा आयोजित राजसंस्था पुनर्स्थापना कार्यक्रममा आयोजकले काठमाडौं महानगरसँग स्वीकृती लिए नलिएको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३४. | सागर जोशी का.म.पा.-२१, काठमाडौं | पूर्व राजा ज्ञानेन्द्र शाहलाई काठमाडौं महानगरले जरिवाना तोकेको पत्राचारको प्रतिलिपि सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३५. | आशिष पाण्डे का.म.पा.-०७, काठमाडौं | काठमाडौं भ्यू टावरको नक्सा पास लगायतका सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३६. | सागर जोशी का.म.पा.-२१, काठमाडौं | का.म.पा. २९ नं. वडामा निर्माणाधिन ज्येष्ठ नागरिक भवन विनास गर्ने कार्य किन नगरिएको भन्ने सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |

२०) **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :** महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण काठमाडौँ महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा समेत राख्ने गरिएको छ । मेट्रो एफ.एम., काठमाडौँ महानगरपालिकाको बुलेटिन, metronews.kathmandu.gov.np को अनलाइन पत्रिका र नेपाल टेलिभिजनमा हाम्रो काठमाडौँ र नेपाल मण्डल कार्यक्रम मार्फत समेत महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।